# स्थानीय राजपत्र

## चामुण्डाविन्द्रासैनी नगरपालिकाद्वारा प्रकाशित

खण्ड १ (संख्या २४) बैशाख ११ गते २०७५

नगर कार्यपालिकाको मिति २०७४/०३/२८ गते स्वीकृत भएको देहाय बमोजिमको कार्यविधि स्थानीय सरकार सँचालन ऐन ,२०७४ बमोजिम सर्वसाधारणहरुको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग-२

## अनुदान संचालन कार्यविधि-२०७४

परिच्छेद १

प्रारम्भिक

१) प्रारम्भिक :प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो चामुण्डा विन्द्रासैनी नगरपालिका नगर कार्यपालिकाले यो चामुण्डा विन्द्रासैनी नगरपालिका को अनुदान सँचालन कार्यविधि २०७४ जारी गरेको छ ।

*परिच्छेद-२*

*संक्षिप्त नाम र परिभाषा*

२) संक्षिप्त नाम र प्रारम्भ (१) यी नियमहरूको नाम "चामुण्डा विन्द्रासैनी नगरपालिका नगरपालिका अनुदान प्रदान कार्यविधि २०७४"रहेकोछ ।

(२) यो कार्यविधि चामुण्डा विन्द्रासैनी नगरपालिका नगरपालिका क्षेत्रभर लागु हुनेछ ।

(३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

३) परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा-

(क) "ऐन" भन्नाले चामुण्डा विन्द्रासैनी , प्रशाकीय कार्यविधि ऐन २०७४ ,स्थानीय सरकार संचालन ऐन २०७४ समेतलाई सम्झनु पर्छ ।

(ख)"विनियोजन ऐन" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको विनियोजन ऐन सम्झनु पर्छ ।

(ग) "नगर सभा" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर सभा सम्झनु पर्छ ।

(घ) "कार्यविधि" भन्नाले अनुदान प्रदान कार्यविधि २०७४ सम्झनु पर्छ ।

(ङ)"कार्यपालिका" भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिका कार्यपालिकालाई सम्झनु पर्छ ।

(च) "प्रमुख" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(छ) "उप प्रमुख" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर उप प्रमुख सम्झनु पर्छ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(झ)"वडाध्यक्ष" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको सबै वडाका वडा अध्यक्ष सम्झनु पर्छ ।





(ञ) "सदस्य" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको सबै वडाका वडा सदस्य सम्झनु पर्छ ।

(ट) "स्वास्थ्य सँस्था" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाका अस्पताल,प्राथमिक स्वास्थ्य केन्द्र ,स्वास्थ्य चौकी र शहरी स्वास्थ्य क्लिनिक समेतलाई बुझाउदछ ।

(ठ)" विधालय" भन्नाले बाल शिक्षा केन्द्र,आधारभूल विधालय,माध्यमिक विधालय ,उच्च माध्यमिक विधालयहरुलाई बुझाउदछ र सो शव्दले क्याम्पस समेतलाई सम्झनु पर्छ ।

(ड( "अनुदान" भन्नाले नगर सभाले स्वीकित गरेको विनियोजन ऐन मा विनियोजित अनुदान रकम नगरपालिकाबाट सरकारी तथा गैर सरकारी सँस्थालाई प्रदान गरिने अनुदान सम्झनु पर्छ ।

### परिच्छेद ३

### अनुदान दिन सकिने

४) अनुदान दिन सकिने :(१) विधालय,स्वास्थ्य सँस्था वा अन्य सार्वजनिक सस्थाहरुलाई नगरपालिकाको नगर सभाले पारित गरेको विनियोजन ऐनले तोकेको रकम अनुदान स्वरुप दिन सकिनेछ ।

(२) उक्त अनुदान सस्थाको सँगठन व्यवस्थापन तथा सुदृढीकरणमा खर्च गर्न सक्नेछ ।

(३) अनुदान प्राप्त गर्नकोलागि उक्त रकम कुन प्रयोजनकोलागि हो सोको प्रस्ताव पेश गर्नु पर्नेछ ।

### परिच्छेद ४

### सम्झौता

५) द्विपक्षीय सँझौता गर्नु पर्ने : (१) नगरपालिका र सँस्थाबीच द्विपक्षीय सँझौता गर्नु पर्नेछ ।

(२) दुवै पक्षको सँझौतामा उल्लेखित शर्तनामा बँमोजिम अनुदान प्रदान गरिनेछ ।

(३) अनुदान सँझौतामा नगरपालिकोको शैक्षिक,आर्थिक,सामाजिक तथा सँस्कृतिक विकासमा योगदान पुऱ्याउन सहयोग पुग्ने कार्यलाई प्राथमिकता दिनु पर्नेछ ।

### परिच्छेद ५

### विविध

६) अनुदानको रकम वृहत्तर हितकोलागि खर्च गरिनु पर्ने : (१)नगरपालिकाले प्रदान गरेको अनुदानको रकम नगरवासीको बृहत्तर हितमा खर्च गरिनु पर्दछ ।

(२) अनुदानको रकम खर्च गर्दा प्रचलित आर्थिक ऐन नियम र कार्यविधिको पूर्ण रुपमा पालना गरिन पर्छ ।

७) दुरुपयोग नहुने गरि लेखा कानुन बँमोजिम नियमितता, मितव्ययिता , कार्य दक्षता, प्रभावकारिता र औचित्य समेतको विचारगरि खर्च गरिनु पर्छ ।

८) लेखापरीक्षण गराउनु पर्ने : अनुदानको रकमको खर्चको प्रचलित कानुन बँमोजिम लेखापरीक्षण गाराई सो को प्रतिवेदन यस नगरपालिकालाई समेत दिनु पर्नेछ

९) बचाउः यस कार्यविधि तयार गरिनु भन्दा पहिला भए गरेका कार्य यसै कार्यविधि बँमोजिम भएको मानिनेछ

आज्ञाले
बाबुराम नेपाली
निमित्त प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मिति : २०७४/०३/२८